नेपालमा प्रजातन्त्रको प्राप्ती २००७ संगै विकास निर्माणले गति पाएको र यस संगै पूर्वाधार निर्माणका क्षेत्रमा निर्माण व्यवसायीको आवश्यकता महसुस भएको पाइन्छ । बि.सं. २०२२ मा पहिलो पटक सिद्धार्थ राजमार्ग र त्रिशुली जलविद्युत आयोजनाको कार्यमा नेपाली निर्माण व्यवसायीहरुलाई सहभागी गराएको पाइन्छ । निर्माण ठेकेदार सम्वन्धी नियमावली २०३१ आए पछि यसले ठेकेदारको रुपमा व्यवस्थित गर्न खोजेको देखिन्छ ।

नेपालमा प्रजातन्त्रको पुनस्र्थापना २०४७ सगै भौतिक पूर्वाधार विकासले पनि गति लिएका कारण व्यवसाय र व्यवसायीले समेत स्वतस्फूर्त रुपमा व्यवसायिक विकास गर्न सकेको देखिन्छ । यस अवधिमा भएको संख्यात्मक बृद्धिलाई व्यवस्थित गर्न र व्यवसायको रुपमा विकास गर्न निर्माण व्यवसाय ऐन , २०५५ र नियमावली , २०५६ आएको हो । यो ऐन कानून निर्माण व्यवसायीकै सहभागितामा तयार भै कार्यान्वयनमा आउनुले पनि यस व्यवसायको विकासमा मद्दत पुगेको हो । यद्यपी निर्माण

व्यवसायलाई निर्माण उद्योगको रुपमा कानूनि मान्यता प्रदान गरी थप व्यवस्थित र सुद्धृत गर्न अझै बांकी छ । यसका लागी निर्माण व्यवसाय प्रवद्र्धन तथा व्यवस्थापन कार्यान्वयन समिति प्रयासरत छ ।

निर्माण व्यवसायको संख्यात्मक बृद्धिसंगै गुणात्मक बृद्धिका लागी भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यूको अध्यक्षतामा रहने निर्माण व्यवासाय विकास परिषद्बाट विभिन्न नीतिगत निर्णय भई मार्ग दर्शन समेत हुने  गरेको छ । सार्वजनिक निर्माणको क्षेत्रमा गुणस्तरियता कायम गर्न अत्यन्त आवश्यक तर चूनौतिपूर्ण कार्य हुंदा हुदै पनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यसमा कुनै संझौता नगरी विभिन्न क्षेत्रगत मापदण्डहरु समेत निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ । आशा एंव विश्वास छ, आगामी दिनमा थप परिमार्जन हुदै जानेछ ।